Seattle Office of Labor Standards

# Domestic Workers Ordinance

## 2024 अधिकार तथा भुक्तानी विवरणको सूचना ढाँचा

घरेलु कामदार अध्यादेश (Domestic Workers Ordinance) द्वारा समेटिएका घरेलु कामदारका सेवाहरूका लागि नियुक्त गर्ने वा भुक्तानी गर्नेहरूलाई यो ढाँचाको सूचना आफ्ना कामदारलाई उनीहरूले प्रयोग गर्न सबैभन्दा सहज लाग्ने भाषामा वितरण गर्न प्रोत्साहित गरिन्छ । यो सूचनालाई कानुनी परामर्शको रूपमा अभिप्रेत छैन र यसले Seattle सहरसँग सम्झौता सिर्जना गर्दैन ।

सूचनाको मिति ____/____/____ कामदारको नाम ____________________

नियुक्त गर्ने निकायको नाम ____________________ नियुक्त गर्ने निकायको फोन वा इमेल ____________________

नियुक्त गर्ने निकायको ठेगाना ____________________

## न्यूनतम पारिश्रमिकको अधिकार

तपाईंसँग कम्तीमा Seattle को न्यूनतम पारिश्रमिक प्राप्त गर्ने अधिकार छ ।
तपाईंको प्रति घण्टा पारिश्रमिक दर हो: $____________ / घण्टा ।

तपाईंलाई निम्नानुसार भुक्तान गरिने छ: ____________________
(अर्थात्, काम गर्ने प्रत्येक दिनको अन्त्यमा, हरेक शुक्रबार, हरेक 2 हप्तामा मङ्गलबारको दिन, आदि)

| 2024 प्रति घण्टा न्यूनतम पारिश्रमिक | न्यूनतम पारिश्रमिक | यदि कामदारले टिप** वापत $2.72/घण्टा वा रोजगारदाताले उपलब्ध गराएका चिकित्सा लाभहरू प्राप्त गरेमा |
|---|---|---|
| नियुक्त गर्ने अधिकांश निकायहरू | $19.97/घण्टा | $17.25/घण्टा |
| 501+ कर्मचारीहरू भएका रोजगारदाता | $19.97/घण्टा | |

** यदि तपाईं कर्मचारी हुनुहुन्छ भने, तपाईंको रोजगारदाताले तपाईंलाई आफ्नो टिप सम्बन्धी नीतिको बारेमा जानकारी गराउनुपर्छ ।

संलग्न गरिएको भएमा चिन्ह लगाउनुहोस् ☐

### ओभरटाइम योग्यता: लागू हुने स्थानमा चिन्ह लगाउनुहोस्

☐ तपाईं ओभरटाइमका लागि योग्य हुनुहुन्न ।

☒ तपाईं "ओभरटाइमका लागि योग्य" कर्मचारी हुनुहुन्छ, यसको अर्थ तपाईंले काम गर्ने हप्तामा 40 घण्टाभन्दा बढी काम गरेको घण्टा वापत तपाईंलाई नियमित पारिश्रमिक दरको 1.5 गुणा भुक्तानी गर्नुपर्ने हुन्छ ।

## विश्राम गर्ने समयको अधिकार

प्रत्येक चार घण्टाको लागि तपाईंले एक नियुक्त गर्ने निकायका लागि काम गर्नुहुन्छ, तपाईंसँग कामको तेस्रो घण्टाको अन्त्यमा भुक्तान गरिएको, लगातार 10-मिनेट विश्राम अधिकार हुन्छ।

### विश्राम गर्ने समय: लागू हुने स्थानमा चिन्ह लगाउनुहोस्

तपाईंले तलबी, लगातार विश्राम लिन सक्नुहुने छ ।

तपाईंले कार्यस्थलमा रहेर विश्राम लिन सक्नुहुने छ र बोलाएको समयमा काममा फर्कनु आवश्यक हुन्छ । यदि तपाईं आफ्नो हेरचाह अन्तर्गत कसैको स्वास्थ्य र सुरक्षाका लागि जिम्मेवार हुनुहुन्छ भने, तपाईंले आफ्नो ड्युटीको कारणले आफूले आराम गर्ने समय गुमाउन सक्नुहुने छ । त्यस्ता अवस्थाहरूमा, तपाईंलाई प्रत्येक पटक छुटेको विश्राम वापत अतिरिक्त 10 मिनेटको पारिश्रमिक वा $____________ भुक्तान गरिने छ ।

तपाईंको ड्युटीले गर्दा तपाईंको हेरचाहमा रहेकाहरूको स्वास्थ्य र सुरक्षा जोखिममा नपारी लगातार विश्राम लिन असम्भव वा अव्यावहारिक बनाउँछ । तपाईंलाई तपाईंले काम गरेको प्रत्येक चार घण्टाका लागि अतिरिक्त 10 मिनेटको पारिश्रमिक वा $____________ भुक्तान गरिने छ ।

**विश्राम सम्बन्धी मापदण्डहरू:**

- यो विश्राममा तपाईंले आराम गर्न र आफ्नो समय कसरी बिताउने भनेर अन्य व्यक्तिगत विकल्पहरू छनौट गर्न पाउनुपर्छ ।
- तपाईंलाई कार्यस्थलमा रहन र बोलाइएपछि काममा फर्कन भनिएको हुन सक्छ, तर अन्यथा कामको ड्युटीबाट मुक्त हुनुहुन्छ ।
- यदि तपाईंको विश्राम समय तपाईंको रोजगारदाता वा गर्नुपर्ने कार्यले बाधा पुर्याएमा, तपाईंले लगातार 10 मिनेट विश्राम लिन नसकेसम्म पुन: विश्राम सुरु हुने छ ।

*नोट: सिधै नियुक्त गर्ने निकायद्वारा रोजगारीमा नियुक्त भएका कामदारहरू तलबी बिरामी बिदा र सुरक्षित समय लगायत थप स्थानीय र राज्य श्रम मापदण्डहरूको हकदार हुन सक्छन् । कर्मचारीका अधिकारहरू बारे थप जानकारी www.seattle.gov/laborstandards मा उपलब्ध छ ।

# खाना खाने समयको अधिकार

नियुक्त गर्ने कुनै संस्थाका लागि काम गरेको हरेक पाँच घण्टामा तपाईंसँग काम गरेको पाँचौँ घण्टाको अन्त्यमा तलबी, लगातार 30 मिनेट खाना खाने समय पाउने अधिकार हुन्छ ।

### खाना खाने समय: लागू हुने स्थानमा चिन्ह लगाउनुहोस्

खाना खाने समयमा, तपाईंलाई कुनै पनि कामको कर्तव्यहरूबाट पूर्ण रूपमा मुक्त हुनुहुने छ । तपाईंले बेतलबी खाना खाने समय प्राप्त गर्नुहुने छ । तपाईंले बेतलबी खाना खाने समय छोड्न सक्नुहुने छ । छोड्ने सम्बन्धी मापदण्डहरूका लागि छेउमा रहेको बाकस हेर्नुहोस् ।

तपाईंले खाना खाने समयमा, तपाईं कार्यस्थलमा रहनु आवश्यक हुन्छ र बोलाइएपछि काममा फर्कनुपर्छ, तर अन्यथा कुनै पनि कर्तव्यहरूबाट मुक्त हुनुहुन्छ । तपाईंले तलबी खाना खाने समय प्राप्त गर्नुहुने छ । तपाईंले यो तलबी खाना खाने समय छोड्न मिल्दैन ।

तपाईं घरका सदस्यको स्वास्थ्य र सुरक्षाका लागि जिम्मेवार हुनुहुन्छ, तर तपाईंले तलबी खाना खाने समय पाउन सक्षम हुनुपर्छ । तपाईंले आफ्नो ड्युटीको कारणले आफ्नो खाना खाने समय छुटाएका दिनका लागि, तपाईंलाई प्रत्येक छुटेको खाना खाने समय वापत अतिरिक्त 30 मिनेटको भुक्तानी वा $__________ पारिश्रमिक दिइनुपर्छ ।

तपाईंको ड्युटीले गर्दा तपाईंको हेरचाहमा रहेकाहरूको स्वास्थ्य र सुरक्षा जोखिममा नपारी लगातार खाना खाने समय लिन असम्भव वा अव्यावहारिक बनाउँछ । तपाईंलाई तपाईंले काम गरेको प्रत्येक पाँच घण्टाका लागि अतिरिक्त 30 मिनेटको पारिश्रमिक वा $__________ भुक्तान गरिने छ ।

**खाना खाने समय सम्बन्धी मापदण्डहरू:**

- यो खाना समयमा तपाईंले आराम गर्न र आफ्नो समय कसरी बिताउने भनेर अन्य व्यक्तिगत विकल्पहरू छनौट गर्न पाउनुपर्छ ।
- यदि तपाईंको खाना खाने समयमा तपाईंको रोजगारदाता वा गर्नुपर्ने कार्यले बाधा पुर्‍याएमा, तपाईंले लगातार 30-मिनेटसम्म विश्राम लिन नसकेसम्म खानाको अवधि पुन: सुरु हुन्छ ।

**खाना खाने समय वा विश्रामको दिन छोड्ने ?**

- यो त्याग स्वैच्छिक र कामदारको लाभका लागि हुनुपर्छ ।
- तपाईंले छोडिरहनुभएको अधिकार र छोड्दाका नतिजाहरूको बारेमा तपाईंलाई सूचित गरिनुपर्छ ।
- तपाईंको त्यागले छोडिएको प्रभावकारी मिति(हरू) सङ्केत गरेको हुनुपर्छ ।
- तपाईंसँग कुनै पनि बेला यो त्याग रद्द गर्ने अधिकार हुन्छ ।

# आराम गर्ने दिनको अधिकार

यदि तपाईं लगातार 6 दिन काम गर्नुहुन्छ र आफ्नो कार्यस्थलमा बस्नु वा सुत्नुहुन्छ भने, तपाईंसँग बेतलबी, 24 घण्टे विश्राम अवधिको अधिकार हुन्छ ।

- 24 घण्टाको अवधिमा कुनै पनि कामको मात्रा दिनको कामको रूपमा गणना गर्न योग्य हुन्छ ।
- यो 24 घण्टाको विश्राम अवधिमा तपाईंले कुनै पनि कामबाट पूर्ण रूपमा मुक्त हुनुपर्छ, जुन समयमा तपाईं कार्यस्थलमा रहिरहनु, बोलाइएमा काममा फर्कनु पनि आवश्यक छैन ।
- तपाईंले विश्राम लिने दिन छोड्न सक्नुहुन्छ । छोड्ने सम्बन्धी मापदण्डहरूका लागि छेउमा रहेको बाकस हेर्नुहोस् ।

# व्यक्तिगत कागजातहरू राख्ने अधिकार

तपाईंसँग आफ्ना कागजातहरूको सक्कल प्रति र व्यक्तिगत सामानहरू राख्ने अधिकार छ ।

# प्रतिशोध निषेधित छ

तपाईंसँग प्रतिशोधबाट मुक्त हुने अधिकार छ । सियाटल श्रम मापदण्डहरू (Seattle Labor Standards) द्वारा सुरक्षित गरिएका अधिकारहरू प्रयोग गरे वापत (जस्तै रोजगारीबाट निकाल्ने, पद घटाउने र अध्यागमन स्थिति बारे रिपोर्ट गर्ने धम्की दिने) नियुक्त गर्ने निकायले तपाईं विरुद्ध प्रतिकूल कारबाही गर्नु गैरकानुनी हो ।

## प्रश्न वा गुनासोहरू छन् कि ?

प्रश्न सोध्न वा गुनासोहरू दायर गर्न निम्नानुसार सम्पर्क गर्नुहोस्:
**श्रम मापदण्डको सियाटल कार्यालय (Seattle Office of Labor Standards) लाई (206) 256-5297 मा फोन गर्नुहोस्**
वा यहाँ जानुहोस्: www.seattle.gov/laborstandards ।

उनीहरूका सेवाहरू नि:शुल्क उपलब्ध हुन्छ ।
उनीहरूले नि:शुल्क दोभाषे सेवा उपलब्ध गराउने छन् ।
उनीहरूले तपाईंलाई तपाईंको अध्यागमन स्थितिको बारेमा कहिल्यै सोध्ने छैनन् ।

## नागरिक अधिकारको संरक्षण

घरेलु कामदारहरूसँग पनि सियाटलको निष्पक्ष रोजगार अभ्यास कानुन (Seattle's Fair Employment Practices Law) अन्तर्गत यौन उत्पीडन, प्रतिशोध र भेदभावबाट मुक्त हुने अधिकार छ ।

यस अधिकारको बारेमा थप जानकारीका लागि, निम्नानुसार सम्पर्क गर्नुहोस्:
**सियाटल नागरिक अधिकार कार्यालय (Seattle Office for Civil Rights) लाई (206) 684-4500 मा फोन गर्नुहोस्**
वा www.seattle.gov/civilrights मा जानुहोस् ।